# एडिबीका प्रतिबन्धहरूका सम्बन्धमा बारम्बार सोधिने प्रश्नहरू

ADB

## एडिबीको बन्देज/निलम्बन र अस्थायी निलम्बन भनेको के हो ?

- यो सदाचारको उल्लङ्घन (जालसाजीपूर्ण, भ्रष्ट, गोप्य साँठगाँठ, जबर्जस्ती/करकाप, दुरूपयोग, अवरोध गर्ने अभ्यास वा सरोकार बाभिनेलगायत) गरेका संस्थाहरू[१] माथिको उपचारात्मक कार्य हो ।
- बन्देज/निलम्बनमा परेका वा अस्थायी निलम्बन गरिएका संस्थाहरू एडिबीको लगानी, सञ्चालन वा सहयोग गरिएका गतिविधिहरूमा सहभागी हुन योग्य हुँदैनन् ।

## व्यक्तिमाथि पनि न्यूनतम प्रतिबन्ध लगाउन सकिन्छ ?

- व्यक्तिमाथि बन्देज/निलम्बन वा अस्थायी निलम्बन गर्न सकिन्छ ।
- यस्तो कार्य सदाचार उल्लङ्घनमा व्यक्तिको भूमिकाका कारण अथवा बन्देज/निलम्बनमा परेको फर्मको कर्मचारीलाई पनि बन्देज/निलम्बन गरिएका कारण हुनसक्छ ।

## कुनै एउटा फर्ममाथि गरिएको प्रतिबन्ध त्यसका कर्मचारीहरू र त्यससँग संलग्न फर्महरूमा पनि लागु हुन्छ ?

- नाम किटान भएका र फर्ममाथि प्रतिबन्ध लगाइएसँगै प्रतिबन्ध लगाइएका कर्मचारी पनि एडिबीको लगानी, सञ्चालन र सहयोगका गतिविधिहरूमा सहभागी हुन सक्दैनन् ।
- किटानीसाथ प्रतिबन्ध नलगाइएका तर फर्ममाथिको प्रतिबन्धका कारण प्रतिबन्धमा पर्ने कर्मचारी एडिबीको लगानी, सञ्चालन र सहयोगका गतिविधिहरूमा सहभागी हुन अयोग्य हुन्छन् ।
- नाम किटान नभएको भए पनि प्रतिबन्ध लगाइएको फर्मका सहयोगी वा स्वामित्वका फर्महरू एडिबीको लगानी, सञ्चालन र सहयोगका गतिविधिहरूमा सहभागी हुन सक्दैनन् ।

[१] संस्था भन्नाले फर्म (निगम, साझेदारी वा प्रतिष्ठानसमेत तर सीमित नरहेको) र व्यक्तिलाई जनाउँछ ।

## कार्यान्वयन गर्ने संस्थाका अधिकारीहरूले एडिबीका प्रतिबन्धहरूको पूर्णसूचीमा पहुँच किन राख्नु पर्छ ?

- एडिबीको ठेक्का सम्झौतामा योग्य फर्महरू र व्यक्तिहरू मात्र पूर्वयोग्य सूचीमा रहून्, मूल्याङ्कन गरियून्, छनौटमा परून् र ठेक्का प्रदान गरियून् भन्ने सुनिश्चित गर्न
- अस्थायी निलम्बनमा परेका वा बन्देज लगाइएका तर सम्झौताको दायित्व विद्यमान रहेका संस्थाको अनुगमन गर्न
- स्वच्छ र प्रतिस्पर्धी खरिद प्रक्रिया सुनिश्चित गर्न र गलत खरिद अभ्यास न्यूनीकरण गर्न
- अस्थायी निलम्बनमा परेका वा बन्देज/निलम्बन लगाइएका संस्थालाई अनुचित रूपमा ठेक्का प्रदान गर्दा कार्यान्वयनमा हुने ढिलाइबाट बच्न

## कार्यान्वयन गर्ने संस्थाले एडिबीको प्रतिबन्धहरूको पूर्णसूची कतिबेला हेर्नु आवश्यक छ ?

- पूर्वयोग्यता, बोलपत्र/प्रस्ताव मूल्याङ्कन, छनौटसूची निर्धारण गर्नुअघि, ठेक्का प्रदान, आवेदन फिर्ताको क्रमका साथै ठेक्का सम्झौतामा परिवर्तन, थप वा परिमार्जनसमेतका ठेक्काका प्रक्रियाहरूमा जाँच गर्नु पर्दछ ।

## एडिबीका प्रतिबन्धहरूको पूर्णसूचीमा पहुँचलाई कार्यान्वयन गर्ने संस्थाहरूले कसरी व्यवस्थापन गर्ने ?

कार्यान्वयन गर्ने संस्थाले निम्न काम गर्नुपर्छ :

- संस्था/निकायलाई पहुँच आवश्यक रहेका आधारमा "जान्नु आवश्यक रहेका" आधारमा उपयुक्त व्यक्ति(हरू) तोक्ने ।
- उपयोगकर्ताको खाता वा पासवर्ड (युजर अकाउन्ट वा पासवर्ड) कसैलाई नदिनुहोस् – हरेक उपयोगकर्ताले उपयोगकर्ताको अनौठो पहिचान (युनिक युजर आइडी) उपयोग गर्नुपर्दछ ।
- सही र विस्तृत सूचना दिनुहोस्, त्यसले उपयोगकर्ताको पहिचानलाई एकल उपयोगकर्ताको पहिचानयोग्य बनाउँछ ।
- सुरुमा अनुरोध गरिएयता उपयोगकर्ताको विवरण परिवर्तन भएको भए वा असक्रिय बनाउनु पर्ने (पहुँच आवश्यक नभएमा वा कार्यान्वयन गर्ने संस्थामा उपयोगकर्ता संलग्न नरहेको अवस्था) भएमा एडिबीलाई (integrity@adb.org) वा एडिबीका आयोजना अधिकृतलाई सूचित गर्नुहोस्

**भ्रष्टाचार विरुद्ध तथा सदाचारको कार्यालय**
एसियाली विकास बैङ्क, ६ एडिबी एभेन्यु, मान्दालुयोङ सिटी,
१५५० मेट्रो मनिला, फिलिपिन्स
फोनः +६३ २ ८६३२ ५५०४ । फ्याक्सः +६३ २ ८६३६ २१५२
integrity@adb.org | anticorruption@adb.org
www.adb.org/integrity

## प्रतिबन्ध लगाइएका पक्षसँग पहिल्यै काम दिइसकेका तर काम जारी रहेका निर्माण व्यवसायीहरूको हकमा के हुन्छ ?

- अस्थायी निलम्बन वा प्रतिबन्धले प्रतिबन्ध लगाइएको पक्षको विद्यमान सम्झौता अनुरूपको दायित्वलाई असर गर्दैन ।
- सदाचार निरीक्षण समितिले विद्यमान सम्झौताका दायित्वहरू परिमार्जन गर्न कार्यसञ्चालन विभाग (operations departments) लाई सिफारिस गर्न सक्छ ।
- संशोधन वा अवधि थपलगायत सम्झौतामा कुनै पनि किसिमको परिवर्तन (Contract variations) गर्दा संस्थाको अस्थायी निलम्बन वा प्रतिबन्धलाई रोक्ने प्रयास नभएको सुनिश्चित गर्नका लागि त्यस्तो परिवर्तनलाई भ्रष्टाचार विरूद्ध तथा सदाचारको कार्यालय (the Office of Anticorruption and Integrity (OAI)) बाट अनुमोदन गरिनु पर्दछ ।
- अस्थायी निलम्बन वा प्रतिबन्धमा परेको संस्थाले कार्यान्वयन गर्ने र गराउने निकायलाई आफ्नो प्रतिबन्ध वा निलम्बनबारे र सम्झौतामा कुनै प्रकारको परिवर्तन गर्दा एडिबीको अनुमोदन आवश्यक रहेको जानकारी गराउनु पर्दछ ।

## प्रतिबन्ध लगाइएको अवधि समाप्त भएपछि के हुन्छ ?

- प्रतिबन्ध लगाइएको पक्षले आफू पुन: योग्य रहेको स्थापित गर्न पुनर्बहालीको माग गर्नुपर्दछ ।
- पुनर्बहालीको अनुरोध भ्रष्टाचार विरूद्ध तथा सदाचारको कार्यालय, अनुसन्धान महाशाखाका निर्देशकलाई लिखित सम्बोधन गरिएको हुनुपर्दछ र एडिबीले पुनर्बहाली विचार गर्नुपर्ने आधार प्रस्तुत गर्नुपर्दछ ।

## भ्रष्टाचार विरूद्व तथा सदाचारको कार्यालयले निम्न विषयसमेत तर तिनमा मात्र सीमित नरही[1] व्यापक तथ्यहरूबारे विचार गर्दै पुनर्बहालीका लागि गरिएका कुनै पनि अनुरोधको विश्वसनीयता र योग्यताहरूको परीक्षण गर्नेछ:

- पुनर्बहालीका लागि सर्तहरूको अनुपालना
- निलम्बनको कारण
- बहाली
- फर्मको व्यवस्थापन वा स्वामित्वमा परिवर्तन
- गरिएका अन्य कारबाही

१ पूर्ण विवरणका लागि एडिबीको सदाचारको सिद्धान्त र निर्देशिका (सन् २०१५, पछिल्ला संशोधनहरूसमेत) हेर्नुहोस् । (www.adb.org/documents/integrity-principles-and-guidelines).

© Asian Development Bank | ARM220211-3 | February 2022

## एडिबीको निलम्बनको पूर्णसूची भनेको के हो ?

परस्पर बन्देज/निलम्बन सम्झौता बमोजिम एडिबीद्वारा अस्थायी निलम्बन गरिएको वा परस्पर बन्देज/निलम्बनसहित एडिबीले बन्देज/निलम्बन गरिएका संस्थाहरूको सूची (www.crossdebarment.org)

## एडिबीको निलम्बनको सूचीमा कसको पहुँच रहन्छ ?

- प्रतिबन्धहरूको प्रकाशित सूची - सबैका लागि पहुँचयोग्य
- प्रतिबन्धहरूको पूर्णसूची - प्रतिबन्धहरूको प्रकाशित सूचीसमेत; एडिबीका सबै कर्मचारी एडिबीका गतिविधिहरूमा संलग्न वा थाहा पाउनु पर्ने भनी एडिबीबाट अनुमोदन भएका कार्यान्वयन गर्ने र गराउने संस्थाहरू समेतका लागि पहुँचमा रहेको छ ।

## प्रतिबन्धहरूको प्रकाशित सूची र प्रतिबन्धहरूको पूर्णसूचीमा के भिन्नता छ ?

- प्रतिबन्धहरूको प्रकाशित सूची (लगइन गर्नु आवश्यक पर्दैन, (no login required))
  - अयोग्य रहेको समयमा प्रतिबन्ध
  - दोस्रो र त्यसपछिका प्रतिबन्ध
  - सम्पर्कविहीन बनेका बन्देज/निलम्बन गरिएका संस्थाहरू
  - पूर्णसूचीको उपसमूह
- पूर्णसूची (आधिकारिक उपयोगकर्ताका लागि)
  - प्रकाशित सूची
  - पहिलो उल्लङ्घन
  - अस्थायी निलम्बन

## एडिबीका प्रतिबन्धहरूको सूचीमा कसरी पहुँच पाइन्छ ?

१ मा http://sanctions.adb.org जानुहोस्




२ पहुँचमा आवेदन गर्नका लागि साइन अप (Sign-up) मा थिच्नुहोस्

३ फाराम भर्नुहोस्




तपाईंले एडिबीको आयोजनामा तपाईंको संलग्नता पुष्टि गर्न सक्ने एडिबीको आयोजना अधिकृतको नाम र इमेलमा भरेको सुनिश्चित गर्नुहोस्

४ साइन अप पेज भरिसकेपछि तपाईंको आवेदन पठाउन "सर्तहरू स्वीकार गर्नुहोस् (Accept Terms)" मा थिच्नुहोस् । तपाईंलाई सूचित गरिएको इमेल आउने छ । अनलाइन आवेदन गर्न समस्या भएमा कृपया फाराम डाउनलोड गरेर integrity@adb.org मा इमेल गरी पठाउनु होस् ।